# पोषण मैत्री गाउँपालिका कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावना

२०७९

पोषण उन्मुख गाउँपालिका हाम्रो परिकल्पना

वाँफिकोट गाउँपालिका, **बाँफि**कोट रुकुम (पश्चिम)

२०७९/०८०

पोषण मैत्री गाउँपालिका कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावना

# पोषण मैत्री नमुना गाउँपालिका कार्यक्रम कार्यान्वयनको प्रस्तावना

## १. पृष्ठभुमी (Background)

राज्य पुनर्संरचना पश्चात संघीय संरचनामा निर्धारण गरिएका ७ वटा प्रदेश मध्यको कर्णाली प्रदेशमा रहेका १० वटा जिल्ला अन्तर्गत रुकुम पश्चिम जिल्ला विकासका दृष्टिकोणले दुर्गम तथा पिछडिएको जिल्लाको रुपमा परिचित छ । जिल्लाका साविकका २७ वटा गा.वि.स. र हालका ३ वटा नगरपालिका र ३ वटा गाउँपालिका मध्य जिल्लाको पुर्वि दक्षीण भागमा अवस्थित बाँफिकोट गाउँपालिका समुन्द्र सतहदेखि ९२० मिटर देखि ३५७१ मिटरसम्मको उचाईमा रहेको छ । बाँफिकोट गाउँपालीका रुकुम पश्चिम जिल्लाको सदरमुकाम मुसिकोट ८ कोष दक्षीणमा अवस्थित रहेको यस गाउँपालीकाको पुर्वमा सिस्ने गापा , पश्चिममा सानीभेरी गापा, उत्तरमा आठविसकोट नपा र दक्षिणमा  मुसिकोट नपा पर्दछन् । यो गाउँपालीका १९०.४३ वर्ग कि.मी क्षेत्रफलमा फैलिएको छ जसमा १२९०१.८ हेक्टर बन क्षेत्र, २८२२.४८ हेक्टर कृषियोग्य जमिन, १.२८ हेक्टर औध्योगिक क्षेत्र, २९४३.३७ हेक्टर अन्य क्षेत्र, ४२.०१ हेक्टर सार्वजनीक प्रयोगका क्षेत्र, ११५.२७ हेक्टर आवास क्षेत्र र २८४.८९ हेक्टर नदी तथा ताल तलैया क्षेत्रले ओगटेको पाइन्छ । गाउँपालीकामा ४७००  घरधुरी रहेका छन भने गाउपालीकाको कुल जनसंख्या २१२०५ रहेको छ । जातीगत आधारमा विष्लेशण गर्दा ३७७५ जना दलित २०७७ जना जनजाती  र १३१३० जना  बाहुन क्षेत्री रहेका छन् । समग्र रुपमा विश्लेषण गर्दा यस गाउँपालीकामा बाहुन क्षेत्रीहरुको बाहुल्यता वढी रहेको छ ।गाउपालीकाको कुल साक्षरता दर ६१ प्रतिशत रहेको छ जसमा महिला ५२.२ प्रतिशत र पूरुष ७०.२ प्रतिशत साक्षर रहेका छन् । बाँफिकोट गापा रुकुमको रेकर्ड अनुसार यस गाउँपालीकामा विगत १ वर्षमा साम र माम कुपोषण वाट प्रभावित भई विरामी भएर अस्पतालमा भर्नाका लागी दर्ता तथा उपचार गरिएको रेकर्ड अनुसार १४  जना वालक र १५ जना वालीका गरी जम्मा २९ जना वालवालिकामा कुपोषणको लक्षण देखा परेको पाईएको छ ।

गाउँपालिकामा रहेका अधिकांश घरपरिवारको वार्षिक आयको प्रमुख श्रोतका रुपमा कृषी व्यवशाय रहेको छ कुल जनसंख्याको ७३ प्रतिशत घरपरिवार कृषीमा आधारित छन । व्यवशायिक तथा आधुनिक कृषी प्रविधीको अभावका कारण यस गाउँपालिकाका अधिकांश यूवा जनशक्ति छिमेकी जिल्ला, काठमाडौ तथा भारतमा गएर ज्यामी काम गरी जिवन निर्वाह गर्न वाध्य रहेका छन । परम्परागत रुपमा खाद्यन्न उपभोग गर्ने तरिका परिवर्तन नभएको तथा उत्पादनमा व्यवशायिकिकरण हुन नसक्दा कृषी उपज उत्पादन, वितरण, वजारीकरणमा प्रत्यक्ष रुपमा प्रभाव पारेको छ ।

अन्तराष्ट्रिय रुपमानै पोषणलाई आर्थिक, समाजिक तथा मानवीय विकासको आधार तयार हुने तथा दीगो विाकासको लक्ष्य पुरा गर्ने आधारको रुपमा लिईएको छ । कृपोषणवाट सृजना हुने स्वास्थ्य सम्बन्धि समस्याहरु गम्भीर,दूरगामी तथा अपुरणीय हुने अध्ययन अनुसन्धानले देखाएका छन । कर्णाली प्रदेशमा ५ वर्ष भन्दा मुनिका बालबालिकाहरुमा पुडकोपना हुने ३६ %, ख्याउटेपना भएका ४ %, उमेर अनुरुप कमतौल भएका १८ %, उचाई अनुरुम बढि तौल भएका २ % रहेको छ ।  रक्त अल्पता भएका ४० % रहेको देखिन्छ ।

अझै पनि नेपाली समाज अशिक्षा अज्ञानता र अन्धकारमा जकडिएको छ । विभिन्न किसिमका अन्धविश्वास, कुरिति र कुसंस्कारले ग्रसित रहेको छ । छुवाछुत, छाउपडि प्रथा, वालविवाह, धामि झाक्रि प्रतिको विश्वास आदि जस्ता कृसंस्कार अझै पनि हाम्रो समाजमा दिखिन पाईन्छन । सरसफाई सम्बन्धि अज्ञानता, जोखिमपुर्ण समयमा राम्रोसंग हात धुने वानिको विकास नहुनु, पिउने पानि सुद्धिकरण नगरी खानु, सुनौलो हजार दिनको महत्व थाहा नपाउनु, उपयुक्त गर्भाधान समय तथा गर्भान्तर सम्बन्धमा ज्ञान नहुनु, गर्भावस्तामा लिन पर्ने सजगता सम्बन्धमा अज्ञानता,  ६ देखि २४ महिनाका वालवालिकालाई समयमा पूरक तथा थप खाना खुवाउने सम्बन्धमा आवश्यक जानकारी नहुनु जस्ता विभिन्न कारणले  कुपोषण निर्मुल पार्न कठिन देखिएको छ ।

वालवालिकाको पोषण र स्वास्थ्य अबस्थामा सुधार गर्न वहु आयामिक पोषण योजना तथा दिर्घकालिन कार्यक्रमको आवश्यक देखीन्छ । वालवालिकाको पोषण स्थितिमा सुधार ल्याउने जिम्मेवार निकायको रुपमा स्वास्थ्य संस्थाको हो भन्ने पुरानो सोच र दृष्टिकोणले अझै पनि पुर्ण रुपमा हटि सकेको छैन । स्वास्थ्य क्षेत्रवाट पोषण स्थितिमा सुधार ल्याउनु भनेको जम्मा २० प्रतिशत जिम्मेवारी रहेको छ भने अन्य क्षेत्रहरु खानेपानी तथा सरसफाई, कृषि, पशु सेवा, महिला तथा वालवालिका, शिक्षा तथा क्षेत्रलाई जिम्मेवारी प्रदान गर्ने स्थानीय सरकारवाट संचालन हुने पोषण संवेदनशिल क्रियाकलापहरुवाट ८० प्रतिशत पोषण स्थितिमा सुधार ल्याउन सकिन्छ । वर्तमान वदलिदो अबस्थामा स्थानीय सरकारलाई संविधानले दिएको अधिकार तथा उपलव्ध श्रोत र साधनको उपयोग गरी  स्थानीय परिवेश र आवश्यकताको आधारमा नीति तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्न सक्ने अधिकार रहेको छ । स्थानीय तहले पोषण तथा खाद्य सुरक्षाका लागी आवश्यक समन्वय तथा सहकार्य गरी सामाजिक, आर्थिक तथा वातावरणीय पक्षहरुको पहिचान गरि स्थनीय स्तरमा रहेका आबश्यकता पहिचान गर्ने, कार्यक्रम वनाउने कार्यान्वयन गर्ने तथा  अनुगमन गर्न सक्छ । खानेपानि तथा मात्रामा आवश्यक परिवर्तन, सरसफाई, अखाद्य पदार्थको विक्रिवितरण तथा उपभोगमा नियन्त्रण,  खानामा नागरिकको जनचेतना र शिक्षाको भुमिका, महिला सशक्तिकरण, सुनौला हजार दिनको महत्व सम्वन्धि ज्ञानले नागरिकको पोषण तथा स्वास्थ्यमा धेरै महत्वपुर्ण सकारात्मक भूमिका खेल्दछ ।

## २. कार्यक्रमको औचित्यता (Rationale of the Program)

नेपालको संबिधान २०७२ को भाग ३ मौलिक हक र कर्तव्य अर्न्तगत धारा ३० मा उल्लेखित स्वच्छ वातावरणको हक र धारा ३५ मा उल्लेखित स्वास्थ्य सम्बन्धि हकको सुनिश्चितताको लागि गाउँपालिकाले स्थानिय स्तरमा जनताको स्वास्थ्य, पोषण, खानेपानी तथा सरसफाइ, कृषि आदि सम्बन्धि क्रियाकलापहरु सञ्चालन गर्नु पर्ने रहेको छ । तसर्थ स्थानिय सरकारका रुपमा रहेको गाउँपालिकाबाट सञ्चालन हुने क्रियाकलापहरुलाई परिणाममुखी बनाउन स्थानीय  सरकारको तर्फबाट प्रदान गरिने न्यूनतम स्वास्थ्य, पोषण, खानेपानी तथा सरसफाइका सेवाहरुको बारेमा सुसुचित गर्दै  उक्त सेवा प्रदायकहरुसम्म उनीहरुको पहुँच पुऱ्याउन पोषण तथा खाद्यय सुरक्षा सम्वन्धि बिभिन्न खालका सचेतनामुलक अभियानहरु सञ्चालन गरि स्वस्थ आनी वानी तथा सरसफाईका असल अभ्यासहरुको विकास गरी त्यसको दिगोपनका लागी पोषण उन्मुख नमुना पालिका निर्माणका लागि पोषण, स्वास्थ्य, कृषि, महिला तथा बालबालिका, पशु र पूर्ण सरसफाइका कार्यक्रमहरु तर्जुमा गरि तपसिलमा उल्लेखित चुनौतीहरु सम्बोधन गर्न अपरिहार्य छ ।

- गाउँपालिका स्तरमा पोषण मैत्री नमूना टोल, बस्ती, वडा बनाई नमूना टोल, बस्ती र वडा घोषणा गर्नका लागी आधारभुत संरचना तयार गर्न ।
- शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी, वातवारण, महिला, बालबालिका, जलवायु परिवर्तन, खाद्य सुरक्षा, लैंगिक समानता जस्ता क्षेत्रहरुसंग सम्बन्धित बहु-क्षेत्रगत सरोकारवालाहरुको पहिचान तथा क्रियाशिल वनाई उनीहरुको क्षमता अभिवृद्धी, जिम्मेवारीलाई अभिवृद्धि गर्न ।
- राष्ट्रिय योजना आयोग तथा गाउँपालिकाको समन्वय तथा सहकार्यमा गाउँपालिकाका १० वटै वडामा रहेका वालवालिका, गर्भवती महीला, न्युन आयआर्जन भएका घरपरिवार, एकल महीला, सुत्केरी महीला तथा सुनौला हजार दिनका महीलारुलाई पोषण तथा खाध्य सुरक्षा सम्वन्धि सचेतना, सहयोग तथा कुपोषणको न्युनिकरण गर्न ।

## ३.कार्यक्रमकोउदेश्य (Objectives of the Program)

पोषण विशेष तथा कुपोषण अन्त्यका लागी दिर्घकालिन तथा न्युनिकरणका लागी अल्पकालिन कार्यक्रमहरु संचालन गरी गरी सुनौला १००० दिनका आमा, एकल महीला, आर्थिक अवस्था न्युन भएका घरपरिवार तथा उनका वालवालिका, किशोरी तथा वालवालिकाको पोषणको अबस्थामा सुधार गर्दै पुर्ण पोषण मैत्री पालिका बनाउन अभियान संचालन गर्ने ।

- स्वास्थ्य आमा समूहहरुलाई सुदृढिकरण गर्दै १००० दिने आमा र बच्चाहरुको पोषण स्थितीमा सुधार ल्याउनका लागि आमा समूहको भुमिकाको वारेमा सबै समूह सदस्यहरुलाई जागरुक वनाउने ।
- किशोरी, १००० दिने आमा तथा वाल वालिकाको पोषण सुधारको लागी ६० सम्पर्क भेट तथा १० मुख्य व्यवहारहरुमा उनीहरुको पहुँच पुऱ्याउनको लागी सचेतना, सहयोग तथा पैरबी गर्ने ।
- व्यक्तिगत तथा घरायसी सरसफाइ र स्वच्छता सम्बन्धी असल बानी व्यवहारको विकासमा सहयोग गर्ने ।
- फोहोर मैला तथा मानव मलमुत्रीय फोहोरको सम्भव भएसम्म पुनः प्रयोग गर्ने वा तोकिएको मापदण्डका आधारमा विसर्जन गर्ने बानीको बिकास गर्न सहयोग गर्ने ।

- W-WASH-CC / W-NFSSSC को बैठकलाई नियमित गर्न सहयोग गर्दै समितिका सदस्यहरुलाई स्वास्थ्य, पोषण, कृषि, खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी ज्ञानमा अभिवृद्धि गर्ने ।
- W-WASH-CC / W-NFSSSC लाई सक्रिय कार्यक्रम कार्यान्वयनका साथै बार्षिक योजना निर्माणमा सहयोग गर्ने ।
- गाँउपालिका र वडा स्तरीय पोषण तथा खाध्य सुरक्षा समितीहरुलाई कार्यक्रम कार्यान्वयन तथा निति निर्माणका लागी आवश्यक सहयोग गर्ने ।
- किशोर-किशोरी र विद्यालयका शिक्षिका तथा छात्राहरुलाई महिनावारी स्वच्छताका राम्रा व्यवहारहरु बारे बताउने र घरेलु स्तरमा स्यानेटरी प्याड निर्माण गर्ने सिप प्रदान गर्ने ।
- एक घर एक करेशाबारीको अवधारणा अनुसार घरायसी खाद्यान्न उत्पादनमा बृद्धि गर्ने ।
- गुणस्तरीय स्वास्थ्य सेवाका लागि स्वास्थ्यकर्मीहरु संग नियमित भेटघाट तथा सहयोग गर्ने ।
- स्वास्थ्य, पोषण, खानेपानी, सरसफाइ तथा स्वच्छता, लैंगिक समानता सम्बन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसहरु मनाउने ।

## ४. कार्यक्रम कार्यान्वयन गर्ने विधि(Program Implementation Methods)

### क) वडाका वस्ती छनौट :

शीघ्र कडा कुपोषणको संख्या बढी भएका वडामा रहेका टोललाई मध्यनजर गरी पोषणमैत्री बाताबरण सिर्जना गर्न एकिकृत कार्यक्रम सञ्चालन गरिनेछ। छनौटमा परेको टोलहरुमा कम्तीमा २५ घरघुरी पर्ने गरी पोषण मैत्री नमुना टोल छनौट गरिनेछ।

### ख) छनौटका आधारहरु :

पोषणमैत्री नमुना टोल छनौटका लागी निम्न छनौटका आधारहरु रहनेछन ।

- सुनौला हजार दिनका आमा तथा बालबालिकाहरुको संख्या बढी भएको टोल वा क्षेत्र
- गाउँपालिका र वडापालिका स्तरीय पोषण तथा खाध्य निर्देशक समितीले कार्यक्रम संचालनका लागी निर्धारण गरिएका टोल तथा वस्तीहरु
- कडा कुपोषणबाट प्रभावित बालबालिकाको संख्या बढी भएको टोल वा क्षेत्र
- किशोरीहरुको संख्या (बिद्यालय छोडेका) किशोरी बढी भएको वस्ती
- सामाजिक तथा आर्थिक रुपमा बञ्चितिकरणमा परेको समुदायहरु
- सामुहिक तरकारीको खेतीको लागी जमिन उपलब्ध भई सवै घरधुरीहरु सामुहिक पोलीहाउसबाट तरकारीको बेर्ना लगेर आफनो बारीमा लगाउन प्रतिबद्ध समुदाय
- रैथाने वाली लगाउन तथा प्रवर्द्धन गर्नका लागी उत्प्रेरित समुदायहरु

कार्यक्रमबाट कम्तीमा प्रती वडा २५ घरधुरीका दरले २२५ घरधुरी प्रतक्ष्य रुपमा लाभान्वित हुनेछन ।

## ५. कार्यक्रमका अपेक्षित नतिजाहरु(Expected Outcomes)

पोषण मैत्री नमुना टोल कार्यक्रम संचालन पछि निम्नानुसारका अपेक्षित नतिजाहरु प्राप्त हुनेछन ।

राष्ट्रिय योजना आयोगको सहयोग तथा यस गाउँपालिकाको कार्यान्वयनमा संचालन गरिने कुपोषण न्युनिकरण मार्फत पोषण मैत्री गाउँपालिकाउन्मुख कार्यक्रम आ.व. २०७९/०८० मा संचालन गरिनेछ। गाउँपालिकामा रहेका शिघ्र कुपोषणवाट प्रभावित कशोरी तथा बालबालिका हरुको कुपोषण न्युनिकरण गर्नका लागी प्रस्तावित कार्यक्रम संचालन पछि निम्नानुसारका अपेक्षित नतिजाहरु प्राप्त हुने अपेक्षा गरिएको छ ।

- गाउँपालिकामा रहेका १३५५ जना सुनौला १००० दिनका आमा, किशोरी तथा वालवालिकाको पोषणको स्थितिमा सुधार आएको हुनेछ ।
- कडा शीघ्र कुपोषण र मध्यम शीघ्र कुपोषणको अवस्थामा सुधार आएको हुनेछ ।
- स्वास्थ्य एवं पोषणको दृष्टिकोणले कार्यक्रम संचालित क्षेत्रका आमा, बालवालिका, किशोरी तथा सिमान्तकृत वर्गको वानि-ब्यवहारमा सुधार आएको हुनेछ ।
- रुढिवादी परम्परा, चालचलन सुधार गर्न लक्षीत समुदायहरु सशक्त भएको हुनेछन ।
- सुरक्षित तथा पोषणयुक्त खाद्यवस्तुको उपलब्धता तथा उपभोगमा सुधार आएको हुनेछ ।
- आमा तथा किशोरी समुहको बैठक नियमीतरुपमा बसी स्वास्थ्य स्वंय सेविकाहरुको सहजीकरणमा बच्चाको आमा तथा शिशुको खोप र बृद्धि अनुगमन जस्ताका कार्यहरु प्रभावकारी रुपमा संचालन भएको हुनेछन
- गाउँपालिकाका सवै वडामा छनोट भएका पोषण नमुना टोलमा शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई र पोषणको अवस्थामा सुधार भएको हुनेछ ।

- पोषण नमुना वडा  तथा वस्तीमा पोलीहाउस मार्फत सामुहिक तरकारीका वेर्ना तयार गरि सवैको करेसाबारीमा मौसम/बेमौसमी तरकारी लगाइएको हुनेछ ।
- प्रत्येक घरमा पोषणमैत्री पारिवारिक वातावरण तयार भएको हुनेछ ।
- पोषण मैत्री वडा तथा गाउं घोषणाका लागि आधार तय भएको हुनेछ ।

## ६.पोषणमैत्री गाउँपालिकामा सञ्चालन हुने कार्यक्रम तथा कार्यान्वयन प्रक्रिया (Program Implementation Processes)

| क.सं. | प्रस्तावीत क्रियाकलाप | कार्यान्वयन प्रक्रिया | अपेक्षीत उपलव्धी | मापनकाआधारहरु |
|---|---|---|---|---|
| १ | गाउँपालिका स्तयि पोषण तथा खाद्य सुरक्षा निर्देशक समितीको बैठक संचालन | • गाउँपालिका स्तरमा रहेको पोषण तथा खाद्य सुरक्षा समितीको बैठक मासिक रुपमा महिनाको एक पटक गाउँपालिकामा वस्ने छ ।<br>• पोषण कार्यक्रम संचालन सम्वन्धि मासिक कार्ययोजना तथा तथा अन्य निर्णयहरु निर्देशक समितीले गर्ने । | • पालिका स्तरमा निर्देशक समितीको मासीक बैठक वसी कार्यक्रम संचालन सम्वन्धि नितीगत निर्णय तथा मासिक रुपमा संचालन गरिएका गतिविधीहरुको समिक्षा भई कार्यक्र प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ । | • पालिका स्तरिय निर्देशक समितीको बैठकको निर्णय प्रतिलीपी, फोटोहरु तथा समिक्षा बैठकको प्रतिवेदन । |
| २ | वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितीको बैठक संचालन | • वडा स्तरमा रहेको पोषण तथा खाद्य सुरक्षा समितीको बैठक मासिक रुपमा महीनाको एक पटक गाउँपालिकामा वस्ने ।<br>• वडा स्तरमा संचालन गरिने पोषण कार्यक्रम संचालन सम्वन्धि मासिक कार्ययोजना तथा तथा अन्य निर्णयहरु निर्देशक समितीले गर्ने । | • वडा स्तरमा निर्देशक समितीको मासीक बैठक वसी वडामा संचालन गरिने कार्यक्रम निर्णय तथा मासिक रुपमा संचालन गरिएका गतिविधीहरुको समिक्षा भई वडामा संचालीत कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ । | • वडास्तरिय निर्देशक समितीको बैठकको निर्णय प्रतिलीपी तथा फोटोहरु । |
| ३ | स्थानिय एफ.एम. तथा पत्रपत्रिका मार्फत पोषण सम्वन्धि सन्देश दिने रेडियो कार्यक्रम प्रशारण तथा प्रकाशन (रेडियो जिंगल, रेडियो कार्यक्रम, स्थानिय भाषामा रेडियो कार्यक्रम संचालन) | • गाउँपालिकामा रहेका एफ.एम. रेडियो संग वार्षिक रुपमा सम्झौता गरी पोषण सम्वन्धि रेडीयो कार्यक्रमहरु संचालन गर्ने ।<br>• स्थानिय स्तरमा रहेका छापाका पत्रपत्रिका मार्फत पोषण सम्वन्धि सन्देश दिने समाचार, गतविधि तथा फोटोहरु छापी वडामा वितरण गरिने । | • गाउँपालिकामा पोषण सम्वन्धि रेडियो कार्यक्रम संचालन भई कुपोषण सम्वन्धी सचेतना अभिबृद्धी भएको हुने छ ।<br>• छापाका माध्यामवाट पोषण सम्वन्धि सन्देश मुलक सुचना तथा प्रकासन भई कुपोषण वाट प्रभावित घरपरिवार, वालवालिका तथा सरोकावारवाला हरु सुसुचीत भएका हुनेछन । | • रेडियो कार्यक्रमका लागी तयार पारिएका सन्देश तथा रेडयो जिंगलहरु । |
| ४ | गाउंपालिकाका प्रत्यक वडामा पोषण सम्वन्धि सडक नाटक प्रदर्शन | • स्थानिय कलाकार तथा विध्यालयमा अध्ययनरत छात्रछात्राहरु, वालक्लव तथा युवाक्लव, आमासमुहहरुलाई सहभागी गराई स्थानिय भाषा तथा नेपाली भाषामा सडक नाटक तयार गरी प्रदर्शन गर्ने । | • गाउँपालिकाका १० वटै वडामा सडक नाटक प्रदर्शन भई कुपोषणवाट पार्ने असर तथा पोषण अभिवृद्धीका लागी सन्देश प्राप्त भइ गाउँपालिकाका ८०० घरपरिवार पोषणको वारेमा सुसुचित भएका हुनेछन । | • सडक नाटक प्रदर्शनका लागी तयार भएका नाटक डकुमेन्ट तथा फोटोहरु र सडक नाटक प्रदर्शनी कार्यक्रमको प्रतिवेदन |
| ५ | गाउंपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा पोषण सम्वन्धि सन्देश दिने खाध्यान्नको नमूना प्रदर्शन वोर्ड स्थापना | • गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा गरी १० वटा पोषणका सन्देश दिने स्थानिय तथा वाह्य अन्न तथा फलफुलहरु संलग्न रहेको सुचनामुलक वोर्ड तयार गरी कार्यालयमा सवैले देख्ने स्थानमा वोर्ड राख्ने । | • कार्यालयहरुमा सुचनामुलक वोर्ड स्थापना भई गाउँपालिका तथा वडा कार्यालयमा आउने सेवाग्राहीहरु पोषण सम्वन्धी सुचनामुलक सन्देश प्राप्त गरी पोषण अभिवृद्धीका लागी जानकारी पाएका हुने छन । | • पोषण सुचनामुलक वोर्ड स्थापना गरेको फोटो, प्रतिवेदन र वोर्ड वनाई टाँस गर्ने निर्णयको प्रतिलिपीहरु । |

| क.सं. | प्रस्तावीत क्रियाकलाप | कार्यान्वयन प्रकिया | अपेक्षीत उपलब्धी | मापनकाआधारहरु |
|---|---|---|---|---|
| ६ | पोषण सम्वन्धि ब्रोसर तथा हाते पूस्तिका प्रकाशन । | • पोषण सम्वन्धि सुचना दिने ५००० ब्रोसर प्रकाशन गरिने छ ।<br>• ब्रोसर तथा हाते पुस्तिका तयारीका लागी सुचना तथा अन्य सामाग्री तयारीका लागी सरोकारवाला निकाय तथा अन्य संघसंस्था संग समन्वय गरिने छ । | • पोषण तथा कुपोषण र यसको प्रभावको वारेमा जनचेतनामुलक गतिविधी संचालीत ब्रोसर तथा हाते पुस्तक वडा तथा गाउँपालिकामा वितरण भएका हुने छन । | • छापिएका ब्रोसर तथा हातेपुस्तकहरु<br>• कार्य संचालन तथा सम्पन्नताको प्रतिवेदन<br>• खर्चको योजना तथा भुक्तानीको अभिलेखहरु । |
| ७ | कूपोषण वाट प्रभावित वालवालिकाको स्वास्थ्य जांच शिवीर संचालन | • स्वास्थ्य कार्यालयको तथा स्थानिय स्वास्थ्य चौकीहरुको समन्वय र सहकार्यमा गाउँपालिकाका ३ वटा पायक पर्ने स्थानहरुमा कुपोषणवाट प्रभावित वालवालीका तथा किशोर किशोरीहरुको स्वास्थ्य जाँचका लागी शिविर संचालन गर्ने । | • स्वास्थ्य कार्यालयको तथा स्थानिय स्वास्थ्य चौकीहरुको समन्वय र सहकार्यमा गाउँपालिकाका ३ वटा स्थानहरुमा शिविर संचालन भई कुपोषणवाट प्रभावितहरुको एकिन विवरण आएको हुने छ । | • शिविर संचालनका लागी गाउँकार्यपालिकाको निर्णय प्रतिलिपी, शिविरका फोटोहरु, प्रतिवेदन तथा कार्यसम्पन्नको निर्णय प्रतिलिपी । |
| ८ | सासू वूहारी अन्तरक्रिया कार्यक्रम संचालन | • गाउँपालिकाका १० वटै वडामा पोषण अभिवृद्धीका लागी अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ । | • १० वटै वडामा अन्तरक्रिया कार्यक्रम संचालन भई सासु बुहारीको विचमा सुमधुर सम्वन्धको विकास भई घरायसी व्यवहारवाट पोषण अभिवृद्धीमा पर्ने असरका वारेमा सचेत भएका हुनेछन । | • अन्तरक्रिया कार्यक्रमका सहभागीहरुको उपस्थितीको निर्णय प्रतिलिपी, फोटोहरु र कार्य सम्पन्नको प्रतिवेदन । |
| ९ | वडा स्तरमा सर्वोतम पिठो वनाउने तरिका सम्वन्धी प्रदर्शनी | • गाउँपालिकाको १० वटै वडामा कुपोषणवाट प्रभावित घरपरिवारका महीला हरुलाई सर्वोतम पिठो तयार गर्ने विधी र आवश्यक सामाग्रीहरुको वारेमा प्रदर्शनी कार्यक्रम संचालन गर्ने । | • कार्यक्रममा सहभागी महीलाहरु सर्वोतम पिठो वनाउने तरिका सम्वन्धि जानकारी प्राप्त गरी सर्वोतम पिठो वनाउन सक्षम भएका हुनेछन । | • कार्यक्रममा सहभागीहरुको उपस्थितीको प्रतिलिपी, फोटोहरु र कार्य सम्पन्नको प्रतिवेदन । |
| १० | वडा स्तरमा कूपोषण प्रभावित वालवालिकाहरुलाई कार्ड वितरण | • गाउँपालिकामा कुपोषण प्रभावितको अवस्था अनुसारका कार्ड तयार गरी सम्वन्धीत घरमा सोको कार्ड वितरण गर्ने र अवस्थाको सुधारात्मक अवस्थाका आधारमा उपचार तथा पोषण सुधारका क्रियाकलापहरु संचालन गर्ने । | • गाउँपालिकामा कुपोषण प्रभावितको अवस्था अनुसारका कार्ड वितरण भई पोषण अवस्थाको सुधारात्मक अवस्थाका आधारमा उपचार तथा पोषण सुधारका क्रियाकलापहरु संचालन भई कुपोषणको न्युनिकरण भएको हुने छ । | • तयार तथा वितरण गरिएका कार्डहरु, वितरण गरिएका भरपाई तथा फोटोहरु र कार्यक्रम संचालन तथा सम्पन्नताको प्रतिवेदन । उपचार रिपोर्टहरु । |
| ११ | महिला स्वास्थ्य स्वंय सेविका हरुलाई पोषण सम्वन्धि अभिमूखीकरण तालीम संचालन | • गाउँपालिकामा रहेका महिला स्वास्थ्य स्वयं सेविका हरुलाई कार्यक्रमको वारेमा १ दिने अभिमुखीकरण कार्यक्रम गाउँपालिकामा संचालन गर्ने । | • गाउँपालिकामा रहेका महिला स्वास्थ्य स्वयं सेविकाहरु कार्यक्रमको वारेमा जानकारी प्राप्त गरी कार्यक्रम कार्यान्वयनमा लाग्ने छन । | • अभिमुखीकरण कार्यक्रमका सहभागिहरुको उपस्थिती, फोटोहरु । |
| १२ | विद्यालय स्तरमा पोषण सम्वन्धि हाजिरीजवाफ प्रतियोगिता | • गाउँपालिकामा रहेका ४५ वटा विद्यायालयका छात्रछात्राहरुलाई छनोट गरी गाउँपालिका स्तरमा पोषण सम्वन्धि हाजिरीजवाफ प्रतियोगीता संचालन | • हाजिरीजवाफ प्रतियोगितामा संलग्न छात्रछात्राहरु पोषणको वारेमा अध्ययन तथा जानकारी प्राप्त गरी आफ्ना अभिभावक | • हाजिरीजवाफ प्रतियोगिता संचालन गर्ने निर्णय, कार्यक्रमका फोटोहरु, उपस्थिती, पुरुस्कार वितरण गरिएको |

| क.सं. | प्रस्तावीत क्रियाकलाप | कार्यान्वयन प्रकिया | अपेक्षीत उपलव्धी | मापनकाआधारहरु |
|---|---|---|---|---|
| | | गरिने छ। | हरुलाई सोको वारेमा जानकारी दिने र उनीहरु पोषणको वारेमा लाग्नु पर्छ भन्ने भावनाको विकास भएको हुनेछ। | रेकर्ड र फोटोहरु र कार्यक्रम सम्पन्नको प्रतिवेदन। |
| १३ | सू४ खानेपानीका लागी द्दण्ण वद्दा ३रलाई खानेपानीको फिल्द्दर वितर०ा | • गाउँपालिकामा सिमान्तकृत वर्गका रुपमा छनोट भएका प्रति वडा २५ वटाका दरले २०० वटा घरपरिवारलाई सुद्ध खानेपानी उपलव्ध गराउनका लागी खानेपानीका फिल्टर वितरण गर्ने | • फिल्टर उपलव्ध गराईएका २०० वटा घरपरिवारले फिल्टर प्रयोग गरी सुद्ध खानेपानीको प्रयोग गरेका हुनेछन्। | • फिल्टर खरिदका लागी गाउँपालिकाले गरेको निर्णय, फिल्टर हस्तान्तरणको फोटोहरु, वितरण गरेको भरपाई र कार्य सम्पन्नको प्रतिवेदन। |
| १४ | हरेक वार खाना चार पोषिलो खाना प्रदर्शनी कार्यक्रम संचालन | • हरेक वार खाना चार पोषिलो खानाको वारेमा जानकारी प्रदान गर्नका लागी वडा स्तरमा अभियान संचालन गर्ने। | • अभियानका सहभागीहरुले हरेक वार खाना चार अन्तर्गत पर्ने खानाहरुको वारेमा जानकारी प्राप्त गरी सोको लागी लागी परेका हनेछन्। | • अभियानमा सहभागी भएका सहभागीहरुको फोटोहरु र कार्य सम्पन्नको प्रतिवेदन। |
| १५ | किशोर किशोरीहरुका लागी पोष०ा, प्रजनन, स्वास्थ्य, महीनावारी, तथा वालविवाह सम्वन्धि कक्षा संचालन | • गाउँपालिकाका १० वटै वडा स्तरमा मासिक रुपमा ३० जना किशोरीहरुलाई १ दिनका दरले पोषण, प्रजनन स्वास्थ्य, महिनावारी तथा वालविवाह न्युनिकरणका लागी सचेतना प्रदान गर्ने कार्यक्रम संचालन गर्ने। | • किशोरी कक्षामा सहभागी किशोरीहरु पोषण, प्रजनन स्वास्थ्य, महिनावारी तथा वालविवाह सम्वन्धी जानकारी पाएका हुनेछन्। | • कक्षा संचालनका लागी किशोरी छनोट गरेको निर्णय, कक्षामा सहभागीहरुको उपस्थिती र कक्षा संचालनका फोटोहरु। |
| १६ | गाउंपालिकामा रहेका सं३संस्था तथा सरोकारवालाहरुलाई कार्यक्रम सम्वन्धि अभिमूखीकर०ा तालीम | • गाउँपालिकामा रहेका पोषण तथा खाध्य सुरक्षा संग सम्वन्धित संघसंस्थाहरुका कर्मचारी तथा प्रतिनिधीहरुलाई कार्यक्रमको वारेमा १ दिने अभिमुखीकरण कार्यक्रम संचालन गरिने छ। | • गाउँपालिकामा रहेका पोषण तथा खाध्य सुरक्षा संग सम्वन्धित संघसंस्थाहरुका कर्मचारी तथा प्रतिनिधीहरु कार्यक्रमको वारेमा जानकारी पाई कार्यक्रम कार्यान्वयनमा साझेदारी प्रदान गर्नका लागी प्रतिवद्ध भएका हुनेछन्। | • अभिमुखीकरण कार्यक्रम संचालनका लागी गाउँपालिकामा भएको निर्णय, फोटोहरु र कार्यक्रमको प्रतिवेदन। |
| १७ | सूनौला हजार दिनका महिलाहरुलाई तरकारीको विउ वितर०ा | • गाउँपालिकामा रहेका सुनौला हजार दिनका २०० जना महिलाहरुलाई करेशावारीमा तरकारी खेती गर्नका लागी तरकारीको विउ वितरण गरिने छ। | • तरकारीको विउ वितरण गरेका २०० वटा घरपरिवारहरुले करेशावारीमा तरकारी खेती संचालन गरेका हुनेछन्। | • महिला छनोट गरिएको निर्णय, वुझिलीएको भरपाई, विउ वुझेको फोटोहरु र कार्यक्रम सम्पन्न भएको प्रतिवेदन। |
| १८ | वेमौशमी तरकारी खेतीका लागी प्लाष्ढिक ३र तथा विउ विजन सहयोग | • व्यवशायिक तरकारी खेती गर्न ईच्छुक ४० जना महीलाहरुलाई व्यवशायिक तरकारी खेतीका लागी प्लाष्टिक घरका लागी सिल्पोलीन प्लाष्टिक र तरकारीको विउ सहयोग गर्ने।<br>• व्यवशायिक तरकारी खेतीका लागी २ दिने तालीम | • ४० जना महिलाहरुले प्लाष्टिक घरमा व्यवशायिक रुपमा मौशमी तथा वेमौशमी रुपमा तरकारी खेती गरेका हुनेछन्।<br>• व्यवशायिक तरकारी खेतीका लागी तालीम प्राप्त गरी व्यवशायिक रुपमा तरकारी खेती | • गाउँपालिकाको निर्णय, सामाग्रि वुझेको भरपाई, फोटोहरु र कार्यक्रम सम्पन्न भएको प्रतिवेदन। |

| क्र.सं. | प्रस्तावीत क्रियाकलाप | कार्यान्वयन प्रकिया | अपेक्षीत उपलब्धी | मापनकाआधारहरु |
|---|---|---|---|---|
| | | संचालन । | गर्नका लागी सक्षम भएका हुनेछन । | |
| १९ | कूखूरा पालनका लागी कूखूराका चल्ला वितरǐ | • गाउँपालिकामा छनोट भएका ५० जना महिलाहरुलाई २० वटाका दरले १००० वटा कुखुराका चल्ला वितरण गर्ने । | • कुखुराका चल्ला पाएका ५० जना महीलाहरुले व्यवशायिक रुपमा खोर व्यवस्थापन गरी कुखुरापालन गरेका हुनेछन । | • लक्षीत महिला छनोट गररेको निर्णय, बुझाएको भरपाई, फोटोहरु र कार्यक्रम सम्पन्न गरेको प्रतिवेदन । |
| २० | लक्षीत वर्गका लागी अ०डा उत्पादन तथा प्रवर्४नका लागी सहयोग | • अण्डा उत्पादनका लागी गाउँपालिकाका ५० घरपविारलाई अण्डा उत्पादनका लागी ५ वटाका दरले माउ कुखुरा वितरण गर्ने । | • निरन्तर रुपमा अण्डा उत्पादनमा लागेका हुनेछन । | • कुखुरा वितरण गरेको भरपाई, निर्णय प्रतिलिपी र बुझाएका भरपाई । |
| २१ | हरेक ३रमा सरसफाई फ्ल्याक्स चार्ट वितरǒ | • सरसफाई फ्ल्यास ५ापेको नमुना तयार गरिने ५ ।<br>• द्दछ्ण्ण फ्ल्यास ५ापेर प्रत्येक ३रधुरीलाई वितरǐ गरिने५ । | • पुर्ण सरसफाई का सुचकहरु अनुसार सबै घरघरमा थाहा हुने छ । | • अनुगमण तथा प्रत्क्षय देखिने छ । |
| २२ | मेरो बाबालाई चिဳ ५ापेर वितरǐ गर्ने | • द्दछ्ण्ण मेरो बाबालाई चिဳ तयार गरी ५ापेर प्रत्येक ३रधुरीलाई वितरǐ गरिने५ गर्ने | • मेरो बाबालाई चिဳ ५ापेर वितरǐ गरी वृ४ि अनुगमǐको मापन थाहा हुने ५ । | • अनुगमन प्रतिवेदन तथा अनुगमनमा सहभागीहरुको फोटोहरु । |
| २३ | पोषǒ नमुना ঢोल समिती ग७न तथा ঌैमासिक बै७क आमा समुह समेतको बै७ | • पोषǐ नमुनঢोल समिति ग७न गरिने५ ।<br>• समितिमा कम्तीमा २५ ३रधुरी समाबेश हुने५न ।<br>• प्रत्येक ३रबा६ एकजना सदस्यरहने र महिनाको एक प६क समितिको बै७क बस्नु पर्ने५ । | • | • |
| २४ | आईरन फोलिक एसिड चक्की सम्बन्धित विद्यालय स्तरीय कार्यक्रम | • रक्तअल्पता कमी हुने छ । | • रक्तअल्पता कमी हुने छ । | • अनुगमन प्रतिवेदन तथा अनुगमनमा सहभागीहरुको फोटोहरु । |
| २५ | घरेलु स्तरमा निर्माण गरिने संगी प्याड निर्माण सम्बन्धि तालिम ( स्थानिय सुचिकार, विद्यालय स्वास्थ्य शिक्षक, शिक्षिका हरुलाई) | • घरेलु स्तरमा निर्माण गरिने संगी प्याड निर्माण सम्बन्धि तालिम पश्चात प्रयोग हुने छ । | • घरेलु स्तरमा निर्माण गरिने संगी प्याड निर्माण सम्बन्धि तालिम पश्चात प्रयोग हुने छ | • अनुगमन प्रतिवेदन तथा अनुगमनमा सहभागीहरुको फोटोहरु । |
| २६ | कार्यक्रमको अनूगमन तथा मूल्यांकन | • कार्यक्रमको प्रभावकारिताका लागी गाउँपालिका, वडापालिका र पोषण कार्यक्रम कार्यान्वयन को निरन्तर रुपमा अनुगमन गरिने छ । | • निरन्तर रुपमा अनुगमन भई कार्यक्रम अन्तर्गत संचालित क्रियाकलापहरुको प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ । | • अनुगमन प्रतिवेदन तथा अनुगमनमा सहभागीहरुको फोटोहरु । |
| २७ | खानेपानीको गुणस्तर जाच | • पोषण नमुना टोलका वासिन्दाहरुले प्रयोग गर्दै आएको पानीको गुणस्तर जाच गरिने छ ।<br>• मुहान वरीपरीको क्षेत्रको अनुगमन समेत | • पोषण नमुना टोलका वासिन्दाहरुले प्रयोग गर्दै आएको पानीको गुणस्तर जाच गरिने छ । | • अनुगमन प्रतिवेदन तथा अनुगमनमा सहभागीहरुको फोटोहरु । |

| क.सं. | प्रस्तावीत क्रियाकलाप | कार्यान्वयन प्रकिया | अपेक्षीत उपलव्धी | मापनकाआधारहरु |
|---|---|---|---|---|
| | | गरिने छ ।<br>• पानीको गुणस्तर चेक गर्न सम्वन्धित निकय संग समन्वय गरिने छ । | | |
| २८ | प्रतिवेदन तयारी | • क्रियाकलापको ईभेन्ट प्रतिवेदन<br>• मासिक प्रतिवेदन<br>• अर्धवार्षिक प्रतिवेदन<br>• वार्षिक प्रतिवेदन<br>• कार्यक्रम सम्पन्न प्रतिवेदन । | • प्रतिवेदन तयारी भइ पेश भएको हुने छन । | • प्रतिवेदनहरु । |

## ७. मानब श्रोतको व्यवस्थापन तथा परिचालन(Human Resource Management and Mobilization)

नमुना कार्यक्रमका रुपमा रहेको यस कार्यक्रमलाई गाउँपालिकाका १० वटै वडामा प्रभावकारी रुपमा संचालन गर्नका लागी गाउँपालिकामा एक जना पोषण संयोजक, १० वडा मध्ये २ वटा वडाहरु हेरर्ने गरी ५ जना सामुदायिक पोषण सहजकर्ता करारमा नियुक्त गरी परिचालन गरिने छ । प्रस्तावित कार्यक्रमलाई वित्तीय कारोवारको रुपमा प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागी गाउँपालिकाको लेखा हेर्ने कर्मचारीलाई लेखाको रुपमा जिम्मेवारी दिई लेखाको कार्य गर्नेछ । करारमा नियुक्त कर्मचारीले गाउँपालिकाका तथा प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष निर्देशन र मातहतमा रही गाउँपालिकाका विषयगत शाखाहरु त्था अन्य सरोकारवाला निकाय संग समन्वय र सहकार्य गरी कार्यक्रम कार्यान्वयन गर्नेछ ।

## ८. अनुगमन तथा मुल्याकंन(Monitoring and Evaluation)

प्रस्तावित कार्यक्रम अन्तर्गत निर्धारण गरिएका क्रियाकलाप तथा कार्ययोजना अनुसारका क्रियाकलापहरु संचालनको अवस्थालाई प्रभावकारी, निरन्तरता तथा दिगो वनाउनका लागी वडा स्तरमा संचालित क्रियाकलापहरुको नियमित रुपमा अनुगमन गरिने छ । कार्यक्रमलाई प्रभावकारी वनाउन गाउँपालिका स्तरमा योजना अनुगमन तथा प्रशासकिय अधिकृतको संयोजकत्वमा एउटा अनुगमन समिती गठन गरिने छ । अनुगमन समितीले मासीक रुपमा कार्ययोजना अनुसारका वडा स्तरमा संचालीत क्रियाकलापहरुको प्रभावकारीता तथा उपलब्धीका लागी निर्धारण गरिएका सुचकहरुको आधारमा अनुगमन गर्नेछ । साथै कार्यक्रम संचालीत वडाले वडा स्तरमा संचालीत क्रियाकलापहरुको निरन्तर रुपमा अनुगमन गरी सुझाव सहीतको अनुगमन प्रतिवेदन पालिका स्तरीय अनुगमन समिती मार्फत गाउँपालिकालाई पेश गर्ने छ । गाउपालिका स्तरमा कार्यक्रमको अनुगमनका लागी अनगमन तथा सुपरिवेक्षण योजना वनाई गाउँ कार्यपालिकाको वैठकवाट पास गरी लागु गरिने छ । साथै कार्यक्रमको प्रभावकारीता मापन तथा भावी कार्यदिशा प्रदान गर्नका लागी तेश्रो पक्ष संलग्न भएको मुल्यांकन टोलीवाट अर्धवार्षीक र वार्षिक रुपमा गरी वर्षमा २ पटक मुल्यांकन गर्नेछ । साथै मुल्यांकन टोलीले मुल्यांकन गर्दा प्रस्तावीत प्रस्तावनामा निर्धारण गरिएका उपलब्धी र अपेक्षीत उपलव्धीका आधारमा मुल्यांकनका सुचकहरु तयार गरी अनुगमन गर्नेछ । साथै अनुगमन समितीले अनुगमन पश्चात कार्यक्रमको प्रभावकारिता, निरन्तरता र लक्षीत वर्गमा कार्यक्रमवाट परेको प्रभावको मापन र आगामि कार्यदिशा तथा सुझावहरु सहीतको प्रतिवेदन पोषण कार्यक्रम युनिट मार्फत गाउँपालिकालाई पेश गर्नेछ ।

## ९. प्रतिवेदन(Reporting)

प्रस्तावित कार्यक्रम अन्तर्गत निर्धारण गरिएका क्रियाकलपहरु अन्गर्तत स्थानिय स्तरमा संचालन गरिएका क्रियाकलापहरुको प्रगती विवरण झल्किने गरी मासीक रुपमा कार्यान्वयन गरिएका क्रियाकलापहरुको मासिक प्रगती प्रतिवेदन फिल्ड स्तरका कर्मचारीहरुले तयार गरि पेश गर्नेछन । साथै कार्यक्रमको चौमासिक, अर्धवार्षिक र वार्षिक प्रतिवेदन पोषण कार्यक्रम कार्यान्वयन युनिट मार्फत गाउँपालिकाले तयार गरी स्थानिय तह, प्रदेश सरकार र राष्ट्रिय योजना आयोग तथा अन्य सरोकारवाला निकायमा पेश गरिने छ ।

## १०. वजेट(Budget)

| क्र.सं. | क्रियाकलापको नाम | क्रियाकलापको संख्या | गोटा,पटक/दिन | दर (रु.) | कूल बजेट |
|---|---|---|---|---|---|
| १ | पालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका पदाधिकारीहरुलाई वैठक तथा पोषण उन्मुख नमुना बस्तीको अवधारणा सम्बन्धमा अभिमुखीकरण | पटक | २ | ४०००० | ८०००० |
| २ | वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका पदाधिकारहिरुलाई पोषण उन्मुख नमूना बस्तीको अवधारणा सम्बन्धमा अभिमुखीकरण | पटक | ५ | २२००० | ११०००० |
| ३ | स्थानिय एफ.एम. तथा पत्रपत्रिका मार्फत पोषण सम्वन्धि सन्देश दिने रेडियो कार्यक्रम प्रशारण तथा प्रकाशन (रेडियो जिंगल, रेडियो कार्यक्रम, स्थानिय भाषामा रेडियो कार्यक्रम संचालन) | पटक | ५ | १०००० | ५०००० |
| ४ | गाउंपालिकाका प्रत्यक वडामा पोषण सम्वन्धि सठक नाटक प्रदर्शन | पटक | ८ | १०००० | ८०००० |
| ५ | आमा समूहमा गुणस्तरीय स्वास्थ्यका लागि आफ्नै पहल | पटक | १० | २५००० | २५०००० |
| ६ | फोफाइल तथा पोषण सम्वन्धि व्रोसर तथा हाते पूस्तिका प्रकाशन | पटक | १ | १००००० | १००००० |
| ७ | कूपोषण वाट प्रभावित वालवालिकाको स्वास्थ्य जांच शिवीर संचालन | पटक | ४ | ८०००० | ३२०००० |
| ८ | सासू वुहारी अन्तरक्रिया कार्यक्रम | पटक | ८ | १०००० | ८०००० |
| ९ | वडा स्तरमा सर्वोतम पिठो वनाउने तरिका सम्वन्धी प्रदर्शनी | पटक | ८ | १५००० | १२०००० |
| १० | वडा स्तरमा कूपोषण प्रभावित वालवालिकाहरुलाई कार्ड वितरण | पटक | ८ | १५००० | १२०००० |
| ११ | महिला स्वास्थ्य स्वंय सेविका हरुलाई पोषण सम्वन्धि अभिमूखीकरण तालीम संचालन ३७ जनालाई | पटक | १ | ४००००० | ४००००० |
| १२ | विद्ययालय स्तरमा पोषण सम्वन्धि हाजिरीजवाफ प्रतियोगिता | पटक | २० | १०००० | २००००० |
| १३ | सूद्ध खानेपानीका लागी २०० वटा घरलाई खानेपानीको फिल्टर वितरण | पटक | २०० | २००० | ४००००० |
| १४ | हरेक वार खाना चार पोषिलो खाना प्रदर्शनी कार्यक्रम संचालन | पटक | १० | ५००० | ५०००० |
| १५ | किशोर किशोरीहरुका लागी पोषण, प्रजनन, स्वास्थ्य, महीनावारी, तथा वालविवाह सम्वन्धि कक्षा संचालन | पटक | १५ | १०००० | १५०००० |
| १६ | पूर्ण सरसफाई सम्बन्धि अनुगमन चेक लिष्ट फ्लेक्स प्रिन्ट छपाई तथा घर घरमा झुण्ड्याई नियमित अनुगमन तथा परामर्श | पटक | २५०० | ३६५ | ९१२५०० |
| १७ | गाउंपालिकामा रहेका संघसंस्था तथा सरोकारवालाहरुलाई कार्यक्रम सम्वन्धि अभिमूखीकरण तालीम | पटक | १ | ३०००० | ३०००० |
| १८ | बाल विबाह न्युनिकरणको लागि सरोकारबाला निकायहरु संग अन्तक्रिया कार्यक्रम | पटक | १ | ३०००० | ३०००० |

| क्र.सं. | क्रियाकलापको नाम | क्रियाकलापको संख्या | गोटा,पटक/दिन | दर (रु.) | कूल बजेट |
|---|---|---|---|---|---|
| १९ | कृषक समूह गठन, घरायसी खाद्यान्न उत्पादन सम्बन्धि ३ दिने तालिम, पोषिलो तरकारीको बिउ वितरण ( | पटक | ५ | ८०००० | ४००००० |
| २० | कूखूरा पालनका लागी कूखूराका चल्ला वितरण | पटक | १००० | २०० | २००००० |
| २१ | मेरो बाबालाई चिट्ठी प्रिन्ट तथा ढुवानी | पटक | २५०० | ७० | १७५००० |
| २२ | पोषण नमुना टोल समिती गठन तथा द्धमासिक बैठक आमा समुह समेतको बैठक | पटक | ५ | १०००० | ५०००० |
| २३ | घरेलु स्तरमा निर्माण गरिने संगी प्याड निर्माण सम्बन्धि तालिम ( स्थानिय सुचिकार, विद्यालय स्वास्थ्य शिक्षक, शिक्षिका हरुलाई) | पटक | ५ | ९०००० | ४५०००० |
| २४ | आईरन फोलिक एसिड चक्की सम्बन्धित विद्यालय स्तरीय कार्यक्रम | पटक | १५ | १०००० | १५०००० |
| २५ | खानेपानीको गुणस्तर जाच | पटक | १ | १००००० | १००००० |
| २६ | समुदाय स्तरमा प्ररम्रागत उत्पादन हुने रैथाने वालिको प्रवर्द्धन गर्ने | पटक | ५ | २००००० | २००००० |
| २७ | पोषणसम्बन्धि होडिगं वोर्ड | वटा | ५ | २०००० | १००००० |
| २८ | १००० दिने आमाहरुलाई सरसफाई सम्बन्धि तालिम र सरसफाइ सम्बन्धि सामगीहरु वितरण | जना | १५० | २००० | ३००००० |
| २९ | बर्थिङ सेन्टर व्यवस्थापन तथा सुत्केरीको लागि पोषण प्याकेज वितरण | पटक | २ | २००००० | ४००००० |
| | जम्मा क्रियाकलाप खर्च | | | | ६०,०७,५०० |
| | कार्यक्रम संचालन खर्च | | | | |
| १ | पोषण संयोजकको तलव | जना | १ | ३५०००० | ३५०००० |
| २ | सामूदायिक पोषण सहजकर्ताको तलव | जना | १ | २८०००० | २८०००० |
| ३ | कार्यक्रमको अनूगमन तथा मूल्यांकन | पटक | १ | ५०००० | ५०००० |
| ४ | प्रतिवेदन तयारी | पटक | १ | २५००० | २५००० |
| | जम्मा कार्यक्रम संचालन खर्च | | | | ७०५००० |
| | कूल जम्मा खर्च | | | | ६७१२५०० |

अक्षरुपी रकम रु. सरसठि लाख बाह हजार पाच रुपँया मात्र ।

**अनुसुची–१**

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

विशेष अनुदानको लागि कार्यक्रमको सारांश

(१)कार्यक्रम पेश गर्ने स्थानीय तहको नाम : बाफिकोट गाउँपालिका

(२) ठेगानाः बाफिकोट  गाउँपालिका, कोट रुकुम पश्चिम

(३ फोन/फ्याक्स ईमेलः

(४) कार्यक्रमको नामः **पोषण मैत्री नमुना गाउँपालिका कार्यक्रम**

(५) कार्यक्रमको कुल लागत रु : **६७१२५००**

(६) कार्यक्रमवाट लाभान्वित सम्भाब्य जनसंख्याः २१२०५ जना (**१०००** दिनका आमा १३५५ जना , २ बर्ष मुनिका वालवालिका ८५० जना र किशोरी **२२३०** जना)

(७) कार्यक्रमको सम्पन्न गर्न लाग्ने समयः १ वर्ष  (आ.व.  २०७८/०७९ देखि

**संलग्न कागजातहरु**

(क) कार्यक्रमको सम्भाब्यता अध्ययन प्रतिबेदन

(ख) स्थानीय तहले विशेष अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि,

(ग)कार्यक्रमवाट प्राप्त हुने मापन योग्य प्रतिफल वा लाभको अनुमानित विवरण

**प्रमुख प्रशासकीय अधिकृतको**

दस्तखत :

पदः प्रमुख प्रशासकिय अधिकृत

मितिः २०७९/०९/